मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

आज मिति २०७९।१२।०७ गते मंगलबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ .व २०७९/८० को तेह्रौँ गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**<u>उपस्थिति :</u>**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ..............................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..............................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ..............................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..............................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..............................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..............................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..............................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..............................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..............................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..............................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..............................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती ..............................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई ..............................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..............................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा ..............................................................................

१६. **सदस्य सचिव** श्री प्रकाश अधिकारी ..............................................................................

१७.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान..............................................................................

१८.कार्यलय सहयोगी श्री बजेन्द्र पुरी..............................................................................

मितिः २०७९।१२।०७ , बैठक संख्या - १३

**प्रस्तावहरुः-**

१. हिलिहाङ दरबार क्षेत्र र मृदुङ्गा झरनाको गुरु योजना तथा पुर्वाधार निर्माण सम्बन्धमा।

२. तमोर करिडोर परियोजनासँग विभिन्न आयोजना निर्माणका लागि अनुरोध गर्ने सम्बन्धमा।

३. गाउँपालिकाका  लागि आवश्यक जग्गा प्राप्ति सम्बन्धमा।

४. मृदुङ्गा(मिलुङ) झरना आसपास क्षेत्रमा रहेको कृषि योग्य जमिनको सिचाँईको गुरुयोजना तथा परियोजना निर्माणका लागि कोशी प्रदेश सरकार सिचाई मन्त्रालयसँग अनुरोध गर्ने सम्बन्धमा।

५. पानीको मुहान संरक्षण तथा कृत्रिम पोखरी निर्माणको DPR सम्बन्धमा।

६. शैक्षिक प्रशासकीय भवन तथा पूर्वाधार सहयोग माग गर्ने सम्बन्धमा।

७. कृषि विकास बैंकको शाखा सञ्चालन अनुरोध गर्ने सम्बन्धमा।

८. दलित समुदायको विशेष सीप विकास तालिम सम्बन्धमा।

९. यर्ा फिटङ सञ्चालन सहयोग सम्बन्धमा।

१०. खेलकुद सहायता सम्बन्धमा।

११. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा।

१२. राष्ट्रपति रनिङ शिल्डमा सहभागिताको क्रममा भएको अपुग खर्च भुक्तानी सम्बन्धमा।

मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

**निर्णय नं. १**

हिलिहाङ गाउँपालिका  अन्तर्गत हिलिहाङ दरबार क्षेत्रको पर्यटकीय पुर्वाधार निर्माण गुरुयोजना तयार गर्ने र मृदुङ्गा झरना क्षेत्रको पर्यटकीय पुर्वाधार विकास गुरु योजना तथा पुर्वाधार निर्माण कार्यलाई क्रमसँगै अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

**निर्णय नं. २**

तमोर करिडोर परियोजनासँग यस गाउँपालिका क्षेत्र भित्रका निम्नानुसारका सडक खण्ड निर्माणका लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

- हिलिहाङ गा .पा. वडा नं १ स्थित भालुचोक बजारबाट सोहि वडाको अमरपुर बजारसम्म (मेचि राजमार्ग र तमोर करिडोर लिङ्क रोड)।
- हिलिहाङ गा .पा. वडा नं १ स्थित अमरपुर डाँडा बजार देखि हिलिहाङ गा .पा. वडा नं ४ को हिलिहाङ दरबार क्षेत्र साथै निर्माणाधिन प्रशासनिक भवनसम्मको सडक।
- हिलिहाङ गा.पा. वडा नं ४ स्थित तमोर करिडोरको हल्वदार चोकबाट सोहि वडाको ४ नं वडा कार्यालयसम्मको सडक ।

मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

**निर्णय नं. ३**

यस पालिकाका विभिन्न योजना तथा परियोजना सञ्चालनका लागि जग्गा प्राप्तिको निम्ति निम्न बमोजिमका कारबाही अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

क. हिलिहाङ गाउँपालिका वडा नं. ४ को सामुदायिक स्वास्थ्य इकाईका लागि पाँचथर जिल्ला हिलिहाङ गाउँपालिका वडा नं. ४ बस्ने श्री धनमाया गिरीले आफ्नो नाममा दर्ता कायम भएको हिलिहाङ गाउँपालिका वडा नं. ४ साविक सिवुवा-७ ख कि.नं. १२६ क्षेत्रफल ८-८-०-० मध्येबाट जम्मा ०-१२-०-० स्वेच्छिक रूपमा निःशुल्क जग्गा दान गर्न मञ्जु रीनामा सहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

ख. हिलिहाङ गाउँपालिका वडा नं. ३ को प्राथमिक स्वास्थ्य केन्द्र, गोपेटार पाँचथर जिल्ला हिलिहाङ गाउँपालिका वडा नं. ३ बस्ने श्री कृष्ण माया योङहाङ र इन्द्र कुमारी योङहाङले निजहरूको नाममा दर्ता कायम भएको हिलिहाङ गाउँपालिका वडा नं. ३ साविक सिवुवा-१ ख कि.नं. ९६ क्षेत्रफल ९-०-३-१ मध्येबाट जम्मा १-०-०-० स्वेच्छिक रूपमा निःशुल्क जग्गा दान गर्न मञ्जु रीनामा सहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

ग. हिलिहाङ गाउँपालिका वडा नं. १ दोरुम्बा टोल स्थित सामुदायिक भवन निर्माण गर्नको लागि श्री जगत बहादुर वाग्लेको नाममा दर्ता कायम भएको हिलिहाङ गाउँपालिका वडा नं. १ साविक दोरुम्बा-१ ङ कि.नं. १२६ क्षेत्रफल ५-१४-०-० मध्येबाट जम्मा १-०-०-० स्वेच्छिक रूपमा निःशुल्क जग्गा दान गर्न मञ्जुगरीनामा सहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

घ. औद्योगीग्राम निर्माणार्थ हिलिहाङ गा.पा.मा उपयुक्त जग्गा प्राप्तिका लागि प्रक्रिया अगाडी बढाउने ।

मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

**निर्णय नं. ४**

- मृदुङ्गा(मिलुङ) झरना आसपास क्षेत्रमा रहेको कृषियोग्य जमिनको सिचाँईको गुरुयोजना तयार गर्न तथा परियोजना निर्माणका लागि कोशी प्रदेश सरकार खानेपानी, सिचाई तथा उर्जा मन्त्रालयसँग अनुरोध गर्ने।
- हिलिहाङ गा.पा. वडा नं ४ स्थित तमोर करिडोरको सुभाङ खोलाको पुलबाट मृदुङ्गा झरनासम्म पक्कि सडक निर्माण सहयोगका लागि तमोर करिडोर परियोजना तथा सडक डिभिजन कार्यालय इलामसँग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

हिलिहाङ गाउँपालिका क्षेत्रमा आवश्यकता पहिचान गरि पानीको मुहान संरक्षण तथा कृत्रिम पोखरी निर्माणका लागि जग्गा पहिचान गरि लागत इस्टमेट तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

**निर्णय नं. ६**

हिलिहाङ गा.पा. १ स्थित वि .स. २०१६ सालमा स्थापित अमुरपुर माध्यमिक विद्यालयलाई स्तर उन्नती गरि उच्च शिक्षा र उपलब्ध प्राविधिक शिक्षाको सञ्चालनार्थ शैक्षिक प्रशासनिक भवन तथा अन्य पूर्वाधार निर्माणका लागि साथै सोहि आसपासमा साँस्कृतिक भवनको निर्माण गर्नका लागि नेपाल सरकार शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयसँग सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

**निर्णय नं ७**

कृषि विकास बैंकलाई हिलिहाङ गाउँपालिकाको वडा नं १ अमरपुरमा शाखा विस्तार गर्न अनुरोध गर्ने  साथै आवश्यक परेको खण्डमा गाउँपालिकाले कारोबार समेत गर्न सक्ने सर्वसम्मत निर्णय गरियो ।

मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

**निर्णय नं. ८**

हिलिहाङ गाउँपालिकाको चालू आ.व. २०७९ /०८० वार्षिक बजेट, नीति तथा कार्यक्रमबाट स्वीकृत भएको दलित समुदायको लागि विशेष आय आर्जनमूलक सीप विकास तालिम लक्षित वर्ग तथा समुदायको मागलाई ध्यानमा राखी फलाम तथा फलामजन्य सामाग्री निर्माण तथा वेल्डिङ(Welding) सम्बन्धी तालिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९**

हिलिहाङ गाउँपालिका क्षेत्रको तमोर नदिमा सञ्चालन हुने र्या(फ्टिङको सञ्चालन तथा व्यवसायीक प्रवर्द्धनका लागि संरचना तथा निति निर्माण गरि सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

मिति २०७९।१२।११ गते देखि १२।१५ गतेसम्म कुम्मायक गाउँपालिका स्थित कुम्मायक स्पोर्टिङ क्लबको आयोजनामा सञ्चालन हुने चौथो कुम्मायक गोल्डकप २०७९ मा सहभागिताका लागि गाउँपालिकाको तर्फबाट गाउँपालिकास्तरीय फुटबल टिमलाई आतेजाते खर्चवापत रु ३०,०००।- प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११**

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय कोशी प्रदेश इटहरीको च .नं १४८ मिति २०७९।१०।१८ को झोलुङ्गे पुल मागको विवरण उपलब्ध गराउने पत्रको सम्बन्धमा हिलिहाङ वडा नं २ स्थित धार्मिक पर्यटकिय महत्वको त्रिवेणी दोभानबाट आठराई गाउँपालिका जोड्ने तमोर नदिमा र हिलिहाङ गा .पा. ७ ज्यामिरे घाटबाट आठराई जोड्ने तमोर नदि माथि झोलुङ्गे पुलको अत्यावश्यक भएको महशुस गरि तोकिएको फर्मेटमा अनुरोधपत्र पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

मिति: २०७९।१२।०७ , बैठक संख्या - १३

**निर्णय नं १२**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९ सञ्चालन गर्नको लागि विद्यालयहरुबाट विद्यार्थीहरुको सहभागिताको लागि आतेजाते सहभागिता खर्च दिएकोले साविक बमोजिम विनियोजित बजेट अपुग भएको हुँदा विविध खर्चबाट रु १३९७००।  - सोधभर्ना भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।